# तेस्रो गैर आवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी काठमाडौं घोषणा-२०६४

मुलुकको दीर्घकालीन शान्ति, लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता, व्यक्तिगत सम्पत्ती लगायतका मौलिक अधिकारप्रति प्रतिबद्धता व्यक्त गर्दै आज मिति ३० असोज २०६४ (१७ अक्टोबर २००७) मा नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सफलतापूर्वक सम्पन्न भएको तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी काठमाडौं घोषणापत्रः

१. मुलुक शान्तिको बाटोमा अग्रसर भइरहेको पृष्ठभूमीमा नेपालको आर्थिक सामाजिक रुपान्तरणका लागि नेपाल सरकार, गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघबीचको सहकार्यको स्वागत गर्दै यो सम्मेलन नेपाली जनताको परिवर्तन प्रतिको चाहना, त्यसका लागि गरिएका संघर्ष र लिइएका निर्णय प्रति अनवरत ऐक्यवद्धता राखिराख्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

२. गैरआवासीय नेपालीहरुले उठाउदै आएको दोहोरो नागरिकता सम्बन्धि विषयमा केन्द्रित रहेर तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा सम्माननीय प्रधानमन्त्रीलगायत प्रमुख राजनीतिक दलका शिर्षनेताहरुद्वारा देखाइएको सकारात्मक धारणालाई यो सम्मेलन हार्दिकतापूर्वक स्वागत गर्दछ ।

३. गैरआवासीय नेपालीहरुको मातृभूमिप्रतिहको भावानात्मक सम्वन्धको उच्च मुल्यॉकन गर्दै सरकार, राजनीतिक दल, नागरीक समाज तथा अन्य सबै पक्षबाट नेपालको सर्वाङ्गिण विकासमा गैरआवासीय नेपालीहरुको ज्ञान, सीप र बौद्धिक पूँजीको समुचित उपयोगका लागि गरिएको आव्हानलाई यो सम्मेलन स्वागत गर्दछ । यसका लागि आवश्यक सबै प्रकारको सहयोग गर्न गैरआवासीय नेपाली संघ प्रतिवद्धता व्यक्त गर्दछ ।

४. अन्तरिम-व्यवस्थापिका संसदवाट स्वीकृत गैरआवासीय नेपाली सम्वन्धि ऐन २०६४ को स्वागत गर्दै गैरआवासीय नेपालीको परिभाषा लगायतका बिषयमा सम्मेलनमा उठेका समसामयिक सुझावहरु समेटेर अझ परिमार्जन गर्न पहल गरिनेछ ।

५. मुलुकको राजनीतिक गतिरोध अन्त्य गर्नका लागि अविलम्ब संविधानसभाको निर्वाचन हुनु पर्छ भन्ने हाम्रो मान्यता छ । गैरआवासीय नेपालीलाई संविधान सभाको निर्वाचनमा मताधिकार दिनका लागि सम्मेलनले दिएका सुझावहरुको कार्यान्वयन गर्न सकारात्मक पहल गरिनेछ ।

६. विदेशमा कार्यरत नेपालीहरुवाट प्राप्त रेमिटेन्सले अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको यथार्थका सन्दर्भमा यसलाई अझ विस्तार गर्न विकसित मुलुकहरुमा वैदेशीक रोजगारीका संभावित थप अवसरहरुको खोजी गरिनेछ । बैदेशीक रोजगारमा रहेका नेपालीहरुको हितका लागि कल्याणकारी कोष स्थापना गर्न प्रतिवद्धता व्यक्त गरिन्छ । जीवन बीमाको प्रकृयालाई सरल बनाउँदै हाल कायम बीमांक रकममा बृद्धि गर्ने लगायतका वैदेशिक रोजगारका क्रममा नेपालीहरुले भोगिरहेका विविध समस्या निराकरणका लागि पहल गरिनेछ ।

७. बिदेश जाने र विदेशमा काम गरेर फर्किएकाहरुले आर्जन गरेको सीप र ज्ञानलाई राष्ट्रिय विकासमा बढी भन्दा बढी उपयोग गर्नका लागि आवश्यक पहलहरु गरिनेछ ।

८. आर्थिक कुटनीतिको अवधारणा बमोजिम बैदेशीक रोजगारी तथा लगानी, पर्यटन प्रवर्द्धन एवं नेपाली उत्पादनको निर्यात बृद्धिका लागि विदेशमा रहेका नेपाली कुटनीतिक नियोगहरुलाई प्रभावकारी बनाइनेछ। नेपालीहरुको संख्या बढ्दै गएका मुलुकहरुमा कुटनीतिक नियोग स्थापना गर्ने तथा दुतावास नै खोल्न नसकिएका मुलुकहरुमा महावाणिज्य दुतावास खोल्नका लागि पहल गरिनेछ । थोरै संख्यामा नेपाली नागरिकको बसोबास रहेका मुलुकहरुमा आवश्यक सेवा सुविधा प्रदान गर्न पायक पर्ने नजिकको मुलुकको नेपाली नियोगलाई जिम्मेवारी दिलाइने छ ।

९. गैरआवासीय नेपाली संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय परिषदद्वारा नेपालमा लोककल्याणकारी सामाजिक क्षेत्रमा कम्तिमा एक/एक परियोजना शुरु गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । यस क्रममा यस्ता परियोजनाहरुको कार्यान्वयन गर्न आर्थिक र सामाजिक रुपमा पिछडिएको र द्वन्द प्रभावित क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

१०. देशको सर्वांगीण विकासमा स्वदेश र विदेशमा रहेका नेपाली महिला तथा युवाहरुको सहभागिता आवश्यक रहेकाले सो वर्गको संजाललाई विस्तार गर्दै लैजाने प्रतिवद्धता जाहेर गर्दछ । यससंगै विश्वका विभिन्न शहरमा नेपाली संस्कृतिक केन्द्र निर्माणका लागि गैरआवासीय नेपाली समुदायद्वारा पहल गरिनेछ ।

११. यसअघि दोस्रो विश्व सम्मेलनमा प्रस्तावित एक सय मिलियन अमेरीकी डलरको 'नेपाल लगानीकोष'को अवधारणालाई गैरआवासीय नेपाली संघ दर्ता भएको एक वर्षभित्रमा कार्यान्वयनको प्रकृयामा लगिने प्रतिवद्धता व्यक्त गर्दछौं । यससंगै राष्ट्रिय पूर्वाधार विकासको क्रमलाई गति दिन व्यक्तिगत तथा सामुहिक रुपमा हुने लगानीलाई प्रोत्साहित गरिनेछ ।

१२. पर्यटन प्रवर्द्धनका लागि सरकारद्वारा घोषणा गरिएको एउटा साथी नेपाल पठाउ कार्यक्रमलाई समर्थन गर्दै सो अभियानलाई सफल बनाउन गैरआवसीय नेपाली समुदायलाई परिचालन गरिनेछ।

१३. राष्ट्रिय गौरवका रुपमा रहेका बुद्धको जन्मस्थल लुम्बिनी, संसारकै अग्लो शिखर सगरमाथा लगायतका धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुलाई सम्बन्धित मुलुकहरुमा परिचित गराउन सिंगो गैरआवासीय नेपाली समुदाय नै परिचालन हुनेमा प्रतिवद्धता व्यक्त गरिन्छ ।

१४. नेपालको पर्यावरण संरक्षण, प्राकृतिक सम्पदा, संस्कृति जगेर्नामा सम्वद्ध निकायसंग गैरआवसीय नेपालीले सहकार्य गरी संलग्नता वढाइने छ ।

१५. गैर आवासीय नेपाली संघको सकृयतामा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यमान सेवा सुविधाको स्तरलाई बढाउन सहयोग गरिनेछ ।

| | | |
|---|---|---|
| सहाना प्रधान | चण्डीराज ढकाल | डा. उपेन्द्र महतो |
| (परराष्ट्र मन्त्री) | (अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ) | (अध्यक्ष, गैर आवासीय नेपाली संघ) |